राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १२८ २०८२ मंसिर २३ गते मंगलवार (09 Dec. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## जेसीआईको ५२औं राष्ट्रिय महाधिवेशन जनकपुरधाममा : चार हजार सहभागी आउने




दैनिक समाचारदाता

जनकपुरधाम, २२ मंसिर । जेसीआई नेपालको ५२औं राष्ट्रिय महाधिवेशन यही पुस पहिलो सातादेखि जनकपुरधाममा हुने भएको छ । जेसीआईका देशभरका १८६ शाखाका पदाधिकारी तथा केही अन्तर्राष्ट्रिय प्रतिनिधिसहित करिब चार हजार सहभागी हुने जनाइएको छ ।

जेसीआई जनकपुरधाम शाखाका अध्यक्ष मुकेश कुमार साहले सोमबार पत्रकार सम्मेलन गरी महाधिवेशनको तयारी अन्तिम चरणमा पुगेको जानकारी गराएका छन् । उनका अनुसार पुस ४ गतेदेखि ७ गतेसम्म तिरहुतिया गाछीमा आयोजना हुने महाधिवेशनका लागि संरचनात्मक, प्राविधिक तथा आतिथ्यसम्बन्धी तयारी हुँदैछ ।

राष्ट्रिय महाधिवेशनका प्रबन्ध निर्देशक तथा जेसीआई जनकपुरधामका पूर्व अध्यक्ष सुधिर पंजियारले महाधिवेशनमा १८६ शाखाबाट प्रतिनिधि आउने र केही अन्तर्राष्ट्रिय व्यक्तित्वहरू पनि सहभागी हुने बताए । उनले भने, “चार दिनसम्म चल्ने महाधिवेशनमा करिब चार हजार अतिथिहरू आउनेछन् । ठूलो संख्यामा सहभागी हुने भएकाले तयारीलाई उच्च प्राथमिकताका साथ अघि बढाइएका छन् ।”

उनका अनुसार जनकपुरधामको सांस्कृतिक, धार्मिक र पर्यटकीय पहिचानलाई प्रवर्द्धन गर्ने उद्देश्यले महाधिवेशन यहाँ आयोजना गरिएको हो । महाधिवेशन सञ्चालनका लागि करिब ३ करोड ५ लाख रुपैयाँ खर्च हुने अनुमान पनि उनले प्रस्तुत गरे ।

उद्घाटन सत्रका प्रमुख अतिथि चयनमा भने अन्योलता रहेको आयोजकको भनाइ छ । प्रबन्ध निर्देशक पंजियारका अनुसार राजनीतिक अस्थिरता र उच तहका व्यक्तिहरूको स्वास्थ्य अवस्था अनिश्चित रहेकाले प्रमुख अतिथि निश्चित गर्न कठिनाइ भएको छ । उनले भने, “प्रधानमन्त्री सुशिला कार्कीलाई प्रमुख अतिथिमा आमन्त्रण गर्ने प्रयास भइरहेको छ तर केही प्राविधिक चुनौती छन् । राष्ट्रपतिको स्वास्थ्य अवस्था पनि सामान्य नभएकाले निर्णयमा ढिलाइ भएको हो ।”

जेसीआईका सल्लाहकार रमेश साहले नेपालमा यसअघि यति ठूलो र भव्यताका साथ महाधिवेशन सम्पन्न नभएको दाबी गरे । उनका अनुसार जनकपुरधाममा जेसीआईको महाधिवेशन पाँचौंपटक हुन लागेको हो ।

उनले जनकपुरमा भएका विगतका महाधिवेशनको विवरण स्मरण गर्दै भने, “सन् १९७७ मा अध्यक्ष लक्ष्मी बहादुर निराला र प्रबन्ध निर्देशक सीताराम सिकारियाको नेतृत्वमा पहिलो पटक यहाँ महाधिवेशन भएको हो । त्यसपछि १९९३ मा शम्भु साह अध्यक्ष हुँदा, २००३ मा सन्तोष साह अध्यक्ष हुँदा र २०१८ मा जितेन्द्र महासेठ अध्यक्ष हुँदा महाधिवेशन जनकपुरमै सम्पन्न भएको थियो।”

यस पटकको महाधिवेशनले जनकपुरधाममा ठूलो भीड, आर्थिक गतिविधि र पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्ने आयोजकको विश्वास गरिएको छ।

## धनुषा-३ मा विमलेन्द्र निधि काँग्रेसका एकल उम्मेदवार



दैनिक समाचारदाता

जनकपुरधाम, २२ मंसिर । आसन्न आम निर्वाचनको तयारी तीव्र बन्दै गर्दा नेपाली काँग्रेसले धनुषा-३ का लागि नेतृत्वकर्ता विमलेन्द्र निधिलाई प्रतिनिधि सभा सदस्यका उम्मेदवारका रूपमा सर्वसम्मत सिफारिस गरेको छ । सामाजिक सञ्जालमा विभिन्न अड्कलबाजी चलिरहेको बेला काँग्रेसले निधिलाई प्रमुख दाबेदारका रूपमा अगाडि सारेपछि क्षेत्र नम्बर ३ को चुनावी समीकरण स्पष्ट बन्दै गएको छ ।

धनुषा क्षेत्र नं. ३ का क्षेत्रीय अध्यक्ष धिरेन्द्र निधिको अध्यक्षतामा बसेको विस्तारित बैठकले प्रत्यक्षतर्फका उम्मेदवारका रूपमा विमलेन्द्र निधिको नाम एकल रूपमा पारित गरेको हो । नेपाली काँग्रेस केन्द्रीय समितिबाट आएको परिपत्रअनुसार प्रत्यक्ष तर्फ अधिकतम तीन नाम सिफारिस गर्न भनिए पनि धनुषा ३ ले निधिलाई नै एकमात्र विकल्पका रूपमा अघि बढाएको क्षेत्रीय अध्यक्ष निधिले जानकारी दिएका छन ।

बैठकमा उपस्थित वरिष्ठ नेता तथा कार्यकर्ताहरू स्मृति नारायण चौधरी, रामसरोज यादव लगायत अधिकांशले निधिको नेतृत्वमा क्षेत्र जित्न सकिने विश्वास व्यक्त गर्दै उहाँको नाममा समर्थन जनाएका

बाँकी पृष्ठ ३मा

## जनकपुरधाममा अन्तर्राष्ट्रिय मानव अधिकार गोष्ठी हुने : कानुन व्यवसायीहरुको सहभागिता



दैनिक समाचारदाता

जनकपुरधाम, २२ मंसिर । जनकपुरधाममा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी राष्ट्रिय गोष्ठी हुने भएको छ। यहि मंसिर २४ गते महेन्द्र नारायण निधि मिथिला केन्द्रमा गोष्ठी आयोजना गरिने जानकारी दिइएको छ।

सोमबार नेपाल बार एसोसिएशन जनकपुरधामका अध्यक्ष विमल कुमार मिश्रले पत्रकार सम्मेलन गरी गोष्ठीका बारेमा विस्तृत जानकारी गराएका छन्। अध्यक्ष मिश्रका अनुसार देशभरका वरिष्ठ अधिवक्ता, अधिवक्ता, पूर्व महान्यायाधिवक्ता तथा कानुन व्यवसायी गरी करिब एक हजार सहभागी हुनेछन्।

गोष्ठीको उद्घाटन नेपालका प्रधान न्यायाधीश प्रकाशमान सिंह राउतले गर्ने जानकारी दिइएको छ। कार्यक्रममा ३२ जनालाई सम्मान गरिनेछ, जसमा १६ जना न्यायाधीश र १६ जना अधिवक्तालाई सम्मानपत्र प्रदान गरिने अध्यक्ष मिश्रले बताए।


त्यसैगरी मानव अधिकारसम्बन्धी कार्यक्रममा 'सीता मैनाली पुरस्कार' एक जना कानुन व्यवसायीलाई प्रदान गरिने छ, जसअन्तर्गत नगद २५ हजार रुपैयाँ र सम्मानपत्र रहनेछ।

अध्यक्ष मिश्रका अनुसार यो गोष्ठी पछाडि परिरहेको न्यायिक पहुँचलाई मजबुत बनाउन महत्वपूर्ण अवसर हुनेछ। “नागरिकहरूले समयमै, सहज रूपमा र न्यायपालिकासम्म बराबरी पहुँच पाउनुपर्छ। त्यसका लागि कानुनी समुदाय, सरोकारवाला निकाय तथा नागरिकबीच समन्वय अपरिहार्य छ,” मिश्रले भने।

उहाँका अनुसार मुद्दा दर्ता प्रक्रियामा ढिलाइ, नागरिकमैत्री सेवा अभाव, कानुनी सचेतनाको कमी तथा स्थानीय तह र अदालतबीच समन्वयको अभाव(यी विषयहरू गोष्ठीका मुख्य एजेण्डा रहनेछन्। विशेष गरी महिला, गरिब तथा सीमान्तकृत समुदायलाई न्यायिक

बाँकी पृष्ठ ३मा

अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# ‘संघीयता र समावेशीतर्फको यात्रामा मधेशका प्रश्न’

जनता समाजवादी पार्टी (जसपा) नेपाल-महोत्तरीले राखेका ३५ बुँदे मागहरू केवल एउटा दलको राजनीतिक एजेन्डामात्र होइनन्, यो मधेश-तराईको दीर्घकालीन असन्तोष, प्रतिनिधित्वको अभाव र संघीय व्यवस्थाप्रति बढ्दो अविश्वासको अभिव्यक्ति पनि हो। आइतबार जिल्ला प्रशासन कार्यालय अगाडि भएको धर्ना त्यसै वास्तविकताको प्रत्यक्ष संकेत हो—जहाँ राज्यसँग समान व्यवहार र न्यायोचित संरचनाको माग गर्दै नागरिक फेरि सडकमा उत्रिनुपरेको छ।

जसपाका मागहरूलाई नजिकबाट हेर्दा तीनवटा मूल प्रश्न स्पष्ट देखिन्छ—पहिलो, समान जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र पुनःनिर्धारण; दोस्रो, जातीय-पहिचानका आधारमा संघीय संरचना र स्वशासनको पुनर्समीक्षा; तेस्रो, दलित, महिला, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायलाई सुनिश्चित प्रतिनिधित्व । यी प्रश्नहरूले संघीयता स्थापना भएको एक दशकपछि पनि राज्य संरचना र शक्ति-साधनको पहुँचमा गहिरो असमानता रहेको पुष्टि गर्छन्।

नेपालले संविधानमा समावेशी लोकतन्त्र, समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायलाई मूल मूल्यका रूपमा घोषणा गरिसके पनि व्यवहारमा त्यसको कार्यान्वयन कमजोर छ। निर्वाचन प्रणाली, प्रतिनिधित्वको ढाँचा र सत्ता-साधनको वितरण अझै पुरानै संरचनाका आधारमा चलिरहेको छ। परिणामतः ठूलो जनसङ्ख्या भएको मधेश, पहिचान-आधारित समुदाय, दलित तथा महिला सहभागितामा निराशाजनक अवस्था देखिन्छ । जसपाको माग यिनै अन्यायहरूको पुनर्समीक्षाबाट सुरु हुन्छ ।

यसैगरी, जेन-जेड आन्दोलनका क्रममा उठेका प्रश्नहरूको सम्बोधन, सरकारी दमनको छानबिन, सुकुम्वासी तथा विपन्न परिवारको पुनर्वास, शिक्षा-स्वास्थ्य क्षेत्रमा माफियाकरणको अन्त्य, युवा स्वरोजगारका कार्यक्रम तथा बेरोजगारी भत्ताको व्यवस्था—यी सबै माग केवल कुनै दलको घोषणापत्र होइन, राज्य पुनर्संरचनाको अपूर्ण यात्राले जन्माएका सामाजिक-आर्थिक संकटहरू हुन् । संघीयता केवल तहगत सत्ता विभाजन नभई सामाजिक न्यायको औजार हो भन्ने तथ्यलाई राज्यले अझै आत्मसात् गर्न नसकेको स्पष्ट हुन्छ ।

तर प्रश्न यो हो—के राजनीतिक दलहरूको बारम्बार धर्ना र प्रदर्शनले मात्र समस्या समाधान हुन्छ? संघीयता, समावेशिता र पहिचानको विषयमा निरन्तर संवाद, नीतिगत स्पष्टता र कार्यान्वयनकै कमी छ। राज्य पक्षले संवैधानिक मूल्यहरूलाई व्यवहारमा उतार्न इच्छाशक्ति देखाउँदैन, दलहरूले पनि मुद्दालाई स्थायी संस्थागत समाधानभन्दा आन्दोलन-केन्द्रित बनाइदिन्छन्। परिणामतः मधेशका मागहरू वर्षौंदेखि दोहोरिइरहेका छन्, तर समाधान भने थाती नै छ।

आजको आवश्यकता भनेको—यी मागहरूलाई राजनीतिक दवाबका हिसाबले होइन, राष्ट्रिय प्रश्नका रूपमा हेर्ने हो । निर्वाचन क्षेत्र निर्धारणदेखि पहिचान-आधारित स्वायत्तता, शिक्षा-स्वास्थ्य सुधारदेखि सामाजिक न्यायसम्मका मागहरू नेपाल राज्यको पूर्णता र स्थायित्वसँग प्रत्यक्ष सम्बन्धित छन्। मधेशमा चर्किंदो असन्तोषलाई केवल ‘दलको कार्यक्रम’ भनेर बेवास्ता गर्नु इतिहासले फेरि दोहोर्याउने गल्ती हुनेछ।

संघीयता, समावेशिता र समान प्रतिनिधित्वको मर्म जोगाउन राज्यले अब ढिला नगरी यी विषयलाई नीति तथा कानुनमार्फत सम्बोधन गर्नुपर्छ। मधेशको सडकमा उठेका आवाजहरू दमन वा ढिलाइले होइन, संवाद, सहमति र सुधारले मात्र शान्त हुन्छन्। यही मार्गले मात्र राष्ट्रिय एकता र लोकतन्त्रलाई स्थिरता मिल्न सक्छ।

# ‘रि-ब्रान्डिङ’को चर्चाले तरंगित कांग्रेस



सुदर्शनप्रसाद दाहाल

परिवर्तन शास्वत प्राकृतिक रीत हो । राजनीतिक पार्टी परिवर्तनको अपवाद हुन सक्दैन । परिवर्तन यथास्थितिमा नै रहेर हुन सक्दैन । परिवर्तनका लागि कारक र कारण चाहिन्छ ।

नेपालको राजनीतिमा गत भाद्र २३ र २४ मा भएको ‘जेनजी’ विद्रोह र यसले ल्याएको सत्ता परिवर्तनको मुख्य कारण भनेकै दशकौदेखि नेपाली राजनीतिमा मौलाउँदै गएको सिद्धान्तच्यूत सत्ताकेन्द्रित राजनीतिक पार्टी र व्यक्तिवादी चरित्र बोकेका भ्रष्टाचारी, स्वेच्छाचारी र असक्षम नेतृत्व अनि यस्तो अवस्थाबाट वितृष्णाको अवस्थामा पुगेका युवा नागरिकहरु नै हुन्।

‘जेनजी‘ विद्रोहले ल्याएको परिवर्तनको प्रभाव नयाँ सरकार गठनसँगै राजनीतिक दलमा पनि परिवर्तनका संकेतहरु देखिन थालेका छन् ।

पछिल्ला दिनहरुमा माओवादी नेता पुष्पकमल दाहालले माओवादी जग र आफ्नै नाममा अघि सारिएको ‘प्रचण्डपथ’को बिचारधाराबाट विचलित भई प्रौढ नेताहरुको नयाँ बाम एकतातिर लागेको देखिन्छ ।

एमाले नेता केपी शर्मा ओली दुई तिहाइको बहुमत सरकारको नेतृत्वबाट सत्ता र आफ्नो बासस्थानबाट मात्र बाहिरिएका छैनन्, कुनै एउटा कार्यकर्ताको शरणमा बास लिन पुगेका छन् र शक्ति सञ्चयका लागि युवादस्ता तयार गर्दैछन् । उनको यस्तो कार्यले भोलिका दिनमा नेपाली राजनीतिमा पुनः मुठभेडको अवस्था नआउला भन्न सकिन्न ।

नेपाली कांग्रेसका नेता शेरबहादुर देउवा सार्वजनिकरुपमा जनआक्रोशको आक्रमणमा परेर रोलक्रममा रहेको सत्तारोहणको अवस्थाबाट मात्र च्यूत भएका छैनन्, पार्टी नेतृत्व नै उपसभापतिलाई सुम्पँदै आफ्नो करिब छ दशक लामो राजनीतिक जीवनबाट विश्राम लिन लागेको आभास पाइन्छ ।

### *पार्टी ‘ब्रान्डिङ’*

‘ब्रान्डिङ’ बजारीकरणको अवधारणा हो । उत्पादित सामाग्री, वा सेवाका बारेमा उपभोक्ताको सम्वन्ध स्थापित गराउन, उत्कृष्टताको पहिचान दिलाउन ब्रान्डिङ गरिन्छ । केही वर्षअघिसम्म ब्रान्डिङलाई उत्पादित वस्तु वा सेवाको बजारीकरणका लागि मात्र प्रयोग गरिने एउटा सशक्त बजार-रणनीति मानिन्थ्यो ।

पहिल्ला वर्षहरुमा ब्रान्डिङ राजनीतिक पार्टी वा नेतृत्वको विशेष अवस्थामा, विशेष उद्देश्य पूरा गर्नका लागि लिइने रणनीतिक चातुर्यको विषय बन्दै आएको छ । यस्तो कार्यले पार्टीलाई पुनर्ताजगी मात्र दिँदैन, पार्टीमा नयाँ नेतृत्व चयन गर्दै समग्र पार्टीपंक्ति र नागरिकमा जनभावनाको कदरस्वरुप पार्टी संरचनामा रक्तसञ्चारको कार्य गर्दछ ।

पार्टीको रि-ब्रान्डिङ कार्यले जनताको चाहना र रोजाइको नेतृत्व चयन गर्न सहयोग गर्छ र पार्टीले पनि नवीनतम नीति तथा भावी कार्यक्रम तय गर्दै जनचाहनाअनुरुपको कार्यादेशमार्फत् लोकतान्त्रिक प्रणालीलाई थप मजबुत बनाउन सहयोग पुर्‍याउँछ ।

पार्टीमा रि-ब्रान्डिङ विशेष परिस्थितिमा मात्र गरिन्छ । राजनीतिक सञ्चारका विशेषज्ञले पार्टीको रि-ब्रान्डिङ विभिन्न अवस्थामा गर्नुपर्ने भनेर सुझाएका पाइन्छ ।

प्रथमतः पार्टीको नेतृत्व असक्षम भएर हस्तान्तरण गर्नुपर्ने अवस्था रहेमा ।

दोस्रो, पार्टीले अंगालेको नीति, दर्शन र कार्यदिशामा क्षयीकरण भएर समग्र पार्टीपंक्ति तथा नागरिकमा पार्टीप्रति नैराश्यता बढेको अवस्थामा ।

तेस्रो, पार्टीले पाइरहेको जनताको विश्वास र जनमत गुमाएको अथवा गुमाउन सक्ने अवस्था देखिएमा ।

चौथो, पार्टीपंक्तिमा धेरै सढेगलेका र निस्कृय भै कार्य गर्न असक्षम नेतृत्वको संख्या बढ्दै गएको अवस्थामा ।

पाँचौं, पार्टी नेतृत्व भ्रष्टाचार लगायत अनैतिक कार्यमा संलग्न भएर गुट-उपगुटमा विभक्त भई, अथवा राजनीतिक बेइमानीको आरोप लागेर बदनाम भएको अवस्था रहेमा ।

छैटौं, पार्टी समय सान्दर्भिक हुन नसकेर पुरानै मूल्य, मान्यताका कारणले जनताबाट तिरस्कृत हँदै गएर चुनावमा हार्नसक्ने जोखिम बढ्दै गएको अवस्थामा ।

सातौं, पार्टीले चुनावमा जाँदा धेरै प्रतिस्पर्धा गर्नुपर्नेभै जनताबाट अनुमोदित हुन नसक्ने जोखिम देखिएको अवस्थामा ।

र, आठौं, पार्टीपंक्तिमा वाक् चातुर्य र जनसमर्थनसमेत प्राप्त युवा नेतृत्व पार्टी सञ्चालनका लागि तयार भएको अवस्थामा ।

त्यसरी नै राजनीतिक सञ्चारका ज्ञाताले पार्टीको रि-ब्रान्डिङको जोखिम हुन सक्ने भनेर सचेत पनि गराएका छन् । यस्तो जोखिमको अवस्थाचाहिँ राजनीतिक पार्टीका उल्लेखित सबै अवस्था देखिएता पनि यदि पार्टीमा संवाद र सञ्चार गर्न सक्ने नेतृत्वको अभाव भएमा कुनै पनि पार्टीले रि-ब्रान्डिङको अवधारणा अवलम्वन गरेमा त्यस्तो रणनीति प्रत्यूत्पादक हुन सक्ने सचेत गराउँछन् ।

पार्टी रि-ब्रान्डिङ गर्दै कार्यान्वयनमा लैजाँदा नयाँ नेतृत्व सवल, सक्षम र संवाद कलामा निपूर्ण हुनै पर्छ । नयाँ नेतृत्व विपक्षी दलको सवल र कमजोर पक्षका बारेमा र भविष्यमा पनि के-कस्तो अवस्था हुन सक्ने आंकलनसहित सहमति, समझदारी वा सहकार्य गर्ने चातुर्य र क्षमता भएको नेतृत्व हुनुपर्छ ।

कार्यकर्ता परिचालन गर्दै जनतामा जाँदा, पार्टीको इतिहास, गौरबगाथा, राजनीतिक नारा, लोगोजस्ता सूचनासामाग्री तथा सञ्चारका माध्यममा सहज र प्रखर मानिएको नेतृत्व चाहिन्छ । यसरी पार्टी नेतृत्व परिवर्तित सन्दर्भमा रुपान्तरण हुँदै मतदाताका चाहनाअनुरुपको प्रचार-प्रसारका साथ गएमा पार्टीको सफलता सुनिश्चित गर्न सकिन्छ ।

तर, विज्ञहरुले औंल्याएअनुसार रि-ब्रान्डिङले पार्टीको सफलतामा जति महत्वता राख्छ, त्यतिकैरुपमा पार्टीपंक्तिले भने यस्तो कार्यको शुभारम्भ गर्न हत्तपत्त दिइहाल्दैनन् । पुरानो सोच भएका नेतृत्वको सोचाइमा परिवर्तन ल्याउन भने अलि कठिन नै हुन्छ ।

कुनै पनि नयाँ वस्तु वा विचारलाई तुरुन्त आत्मसात गर्ने मानिसको संख्या नगण्य हुन्छ । त्यस्तो अवस्थाको मानिसलाई बारम्बारको संवाद र अरूले अवलम्वन गरेका उदाहरणहरु हेर्दै गएमा मात्र केही समयको अन्तरालमा परिवर्तन भने गर्न सकिन्छ ।

यसको कारण भनेकै पार्टीमा लामो समयदेखि पद, प्रतिष्ठा, र मान, सम्मानमा लिप्त भई निर्णायक तहमा रहिरहेका व्यक्तिहरुको उदासीनता र असहयोग हो । त्यस्तो प्रवृत्तिका व्यक्तिहरुका लागि पार्टी रुपान्तरण, नयाँ कार्यदिशा र नयाँ नेतृत्व भन्नेबित्तिकै मनोवैज्ञानिक तहमा डर, त्रास र आशंका पैदा हुने गर्छ ।

उनीहरुको तर्क भनेकै यस्तो कार्र्य गर्दा धेरै लगानी गर्नुपर्ने र परम्परादेखि चल्दै आएको पार्टीको नीति, कार्यक्रम र कार्यदिशा भन्दा बाहिर जाने र पार्टीको सिद्धान्तमा नै आँच आउन सक्ने भन्ने हुन्छ । यसरी पार्टी नेतृत्व आम नागरिकको चाहनाबमोजिम सिद्धान्तमा ह्रास आउने गरी चल्न खोजेमा पपुलिष्ट पार्टी हुन सकिन्छ, तर स्थायी प्रकृतिको पार्टी रहन सकिँदैन भन्ने ठानिन्छ ।

यस्तो संकुचित सोचाइ आउनु कुनै व्यक्तिविशेष भन्दा पनि यस्तो संशय आम मानिसको मनोवैज्ञानिक चरित्र पनि हो । अधिकांश मानिसमा परिवर्तनको चुनौति सामना गर्ने सामर्थ्य कमै हुन्छ । नयाँ अवस्थाले सिर्जना गर्ने अनिश्चितताको भय मानवीय स्वाभाव पनि हो ।

विकास सञ्चारका ज्ञाता एभरेट रोजर्सले बीसौं शताब्दीको ६० को दशकमै तेस्रो विश्वका मानिसको कसरी नयाँ विचार, अवस्था र प्रविधि स्वीकार गर्छन् भनेर ‘डिफ्युजन अफ इन्नोभेसन थ्यौरी’ को अवधारणाको चर्चा गरेका छन् । उनका अनुसार धेरैजसो मानिसहरु स्वाभावैले परिवर्तन र नयाँ चुनौतीलाई सहजरुपमा स्वीकार गर्न हिच्किचाउँछन् ।

कुनै पनि नयाँ वस्तु वा विचारलाई तुरुन्त आत्मसात गर्ने मानिसको संख्या नगण्य हुन्छ । त्यस्तो अवस्थाको मानिसलाई बारम्बारको संवाद र अरूले अवलम्वन गरेका उदाहरणहरु हेर्दै गएमा मात्र केही समयको अन्तरालमा परिवर्तन भने गर्न सकिन्छ ।

त्यस्तो समूहको प्रतिनिधित्व सामान्य अवस्थामा मात्र नभएर पार्टी पंक्तिमा पनि उल्लेख्य रुपमा देख्न सकिन्छ । त्यस्तो ‘लेगार्ड’ प्रवृत्तिका मानिस कुनै पनि समाजमा विशेषतः अल्पविकसित देशमा बहुमतमा नै रहेका हुन्छन् । जोखिम लिएर नयाँपन दिन खोज्ने समूह जसलाई ‘इन्थुजियाष्ट’ भनिन्छ, तिनको संख्या प्रायः नगन्य नै हुन्छ । तर, जोखिम लिन नचाहने पंक्ति पार्टीमा धेरै हुन गएमा कुनै पनि पार्टीले सहज रि-ब्रान्डिङको अवधारणा कार्यान्वयनमा तुरुन्तै लागू गर्न सक्दैन । यस कार्यका लागि लेगार्ड प्रवृत्तिलाई सहमत गराउन भने धेरै मेहनत गर्नुपर्ने हुन्छ ।

### *विश्वका चर्चित ‘रि-ब्रान्डिङ’ पार्टी र सफल नेतृत्व*

विश्व इतिहासमा राजनीतिक पार्टीलाई पुनःपरिभाषित गर्दै रि-ब्रान्डिङ गरेर सफलता पाएका धेरै उदाहरणहरू देख्न तथा सुन्न पाइन्छ ।बेलायतमा पूर्वप्रधानमन्त्री टोनी ब्लेयरले दशकौंदेखि अपरिवर्तित र जनमतबाट तिरस्कृत हुँदै गएको लेबर पार्टीलाई ‘न्यू लेवर’ र ‘न्यू ब्रिटेन‘को ‘पोलिटिकल क्याम्पेन‘ गर्दै सन् १९९७ देखि २०१० सम्म निरन्तर सत्तामा रहन सफल भएको इतिहास छ । उनले पार्टीमा नेतृत्वमात्र परिवर्तित गराएनन् ‘न्यू लेवर’ को नारासहित पुरानो कन्जर्भेटिव लेबर पार्टीलाई पुनर्ताजगी गराएका थिए ।

भारतमा प्रखर वक्ता नरेन्द्र मोदीले भारतीय जनता पार्टीको नेतृत्व मात्र गरेका छैनन्, उनले एक दशकभन्दा बढि उक्त पार्टीलाई अविच्छिन्न सत्तारोहण गराउन सफल भएका छन् । उनको निर्वाचनका समयमा तय गरिएका चुनावी नारा ‘अच्छे दिन आने वाला है’, ‘हर-हर मोदी, घर-घर मोदी’ आज पनि भारतीय जनता पार्टीको सफलताको शिखर उक्लन सहायकसिद्ध भैरहेको देख्न सकिन्छ ।

संयुक्त राज्य अमेरिकामा अल्पसंख्यक अफ्रिकन मूलका बाराक ओवामाले डेमोक्रेटिक पार्टी प्रवेश गरेको केही वर्षभित्रै आफ्नो वाक्चातुर्य र नयाँ भिजनसहित

*बाँकी ४ पृष्ठमा*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# जेनजी प्रदर्शनमा अत्यधिक बल प्रयोग भएको एम्नेस्टीको निष्कर्ष



दैनिक समाचारदाता

काठमाडौँ २२ मंसिर । जेनजी प्रदर्शनका क्रममा सुरक्षा निकायहरूले कम घातक हतियारको दुरुपयोग र घातक हतियारको प्रयोग गरी अनावश्यक तथा अत्यधिक बल प्रयोग गरेको एम्नेस्टी इन्टरनेसनलले निष्कर्ष निकालेको छ ।

सोमबार सार्वजनिक गरिएको प्रतिवेदनले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको गम्भीर उल्लंघन भएको जनाइएको छ ।

भदौ २३ गतेको प्रदर्शनमा संसद् भवनको मुख्य प्रवेशद्वारमा चढेका प्रदर्शनकारीमाथि प्रहरीले एफएन एफएएल प्रहार गरेको देखिएको थियो । त्यसैगरी मूल गेट नजिकैबाट प्रदर्शनकारीको टाउकोमा सीधै ताकेर सटगनले गोली प्रहार गरिएको पनि रिपोर्टमा उल्लेख छ ।

टाउकोको सतहमा प्रहार गरिएको यो कार्य अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा बल र बन्दुकको प्रयोगसम्बन्धी मापदण्डहरूको स्पष्ट उल्लंघन भएको प्रतिवेदनमा औँल्याइएको छ । यस्ता हतियार प्रयोग गर्दा कम्मरभन्दा तल मात्र लक्षित गर्नुपर्ने र शरीर छेड्ने जोखिम नपार्ने नजिकबाट प्रयोग गर्न नहुने मापदण्ड रहेको एम्नेस्टीले जनाएको छ ।

एम्नेस्टी इन्टरनेसनलले नेपालका कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले शान्तिपूर्ण प्रदर्शनकारीहरूविरुद्ध कम घातक हतियारको दुरुपयोग गर्नुका साथै घातक हतियारहरूको प्रयोग गरी अनावश्यक र अत्यधिक बल प्रयोग गरेको जनाएको छ ।

स्वास्थ्यकर्मी, प्रदर्शनकारी र प्रदर्शन आयोजकहरूले दिएको बयानका आधारमा, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आईसीसीपीआर) को धारा ६ मा संरक्षित जीवनको अधिकारको स्पष्ट उल्लंघन हुने गरी प्रहरीले भिडमा धातुको गोली प्रहार गर्दै र प्रदर्शनकारी तथा सडकपेटीमा रहेका सर्वसाधारण व्यक्तिहरूको टाउको, घाँटी र छातीमा प्रहार गर्दै घातक बलको अवैध प्रयोग गरेको पाइएको उल्लेख छ ।

पानीको फोहोरा, अश्रुग्यास र रबरको गोलीजस्ता काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइल लगायतका कम घातक हतियारहरूलाई पनि जीवन नै जोखिममा पार्ने खालका चोट र स्थायी अपाङ्गता पैदा गर्ने गरी लापरबाहीपूर्वक र अन्तर्राष्ट्रिय मापदण्ड विपरीत प्रयोग गरिएको थियो । यसबाट बल तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्तमा उल्लिखित आवश्यकता र समानुपातिकताको सिद्धान्तको उल्लंघन भएको प्रतिवेदनमा उल्लेख छ ।

***पानीको फोहोराको लापरबाहीपूर्ण प्रयोग***

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले पानीको फोहोरा प्रयोग गर्दा मानिसहरू निस्कने र तितरबितर हुने बाटोहरू सुनिश्चित गर्नुपर्ने प्रावधान राखेको छ । तर, भदौ २३ को जेनजी प्रदर्शनमा छोटो दूरीबाट उच्च चापको पानीको फोहोरालाई व्यक्तिहरूमाथि प्रहार गरिएको निष्कर्ष एम्नेस्टीले निकालेको छ । प्रतिवेदनअनुसार सडकछेउको रेलिङमा अड्किएका व्यक्तिहरूमाथि पनि फोहोरा प्रहार गरिएको थियो । प्रदर्शनमा बालबालिकाको उपस्थिति हुँदाहुँदै पनि लापरबाहीपूर्वक पानीको फोहोरा प्रयोग गर्नबाट प्रहरी पछि नहटेको र यसको अन्तर्राष्ट्रिय मापदण्डविपरीत प्रयोगले बालबालिका लगायत प्रदर्शनकारीहरू गम्भीर घाइते भएको निष्कर्ष निकालिएको छ ।

***अश्रुग्यासको अत्यधिक प्रयोग***

प्रहरीको प्रतिवेदन अनुसार जेनजी प्रदर्शनका क्रममा ६ हजार २ सय ७९ सेल अश्रुग्यास प्रयोग भएको थियो । भदौ २३ गतेको प्रदर्शनमा उत्रिएकाहरूमाथि अश्रुग्यासका ग्रेनेड नजिकैका भवनहरूको छतबाट प्रहार गरिएको वा भीडलाई सिधै लक्षित गरिएको पाइएको उल्लेख छ ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअनुसार व्यापक हिंसाको अवस्थामा मात्रै अन्य कम घातक माध्यमहरूबाट हिंसा नियन्त्रण गर्न नसकिएपछि मात्र अश्रुग्यास प्रयोग गर्नुपर्ने हुन्छ । त्यसरी अश्रुग्यास प्रयोग गर्दा हिंसात्मक समूहहरूलाई तितरबितर पार्ने र उनीहरूलाई हिंसा गर्नबाट रोक्न मात्रै प्रयोग गर्नुपर्ने मापदण्ड रहेको एम्नेस्टीको प्रतिवेदनमा उल्लेख छ ।

## धनुषा-३........

थिए । सर्वसम्मत समर्थनपछि निधि आगामी निर्वाचनका लागि पार्टीको आधिकारिक सिफारिस प्राप्त गर्ने सम्भावना अत्यन्त प्रबल देखिएको छ । यद्यपि प्रतिनिधि सभा निर्वाचन निर्धारित समयमा हुने नहुनेबारे देशभर शंका-उपशंका भइरहेका छन् । नेपाली काँग्रेसका केही निवर्तमान सांसदहरूले प्रतिनिधि सभा पुनःस्थापनाका लागि सर्वोच्च अदालतमा रिट दायर गरेका छन्। तर अर्कोतर्फ काँग्रेस संगठन भने देशभर चुनावी तयारी तीव्र बनाउँदै उम्मेदवार छनोटको प्रक्रियालाई सुदृढ रूपमा अघि बढाइरहेको देखिन्छ। धनुषा-३ मा निधिको सिफारिसले आगामी निर्वाचनमा काँग्रेसको दिशा, क्षेत्रीय शक्ति-सन्तुलन र चुनावी रणनीतिमा महत्वपूर्ण प्रभाव पर्ने निश्चित छ।

## जनकपुरधाममा.....

प्रक्रियामा सहज पहुँच कसरी उपलब्ध गराउन सकिन्छ भन्ने विषयमा पनि छलफल हुनेछ । अध्यक्ष मिश्रले यातायात, सुरक्षा तथा अतिथिहरूका आवश्यक तयारीका लागि नगरवासीलाई सहयोग र समन्वयका लागि अपील गरेका छन् । "मानव अधिकार दिवसले हाम्रो प्रणालीका कमजोरी र सुधारका अवसरलाई उजागर गर्छ । यसैले जनकपुरलाई केन्द्र बनाएर दीर्घकालीन प्रभाव पार्ने छलफल एवं प्रतिवद्धता सार्वजनिक गर्न लागेका छौं," उनले भने ।नेपाल बार एसोसिएशन जनकपुरधामले सबै सरोकारवाला, नागरिक तथा सञ्चारकर्मीलाई कार्यक्रममा सहभागी भई न्यायिक सुशासन र मानव अधिकारका मुद्दालाई सशक्त बनाउन सहयोग गर्न आग्रह गरेको छ ।

# बेथिति हटाउँदै सुशासन कायम गर्ने मुख्यमन्त्री यादवको प्रतिबद्धता

दैनिक समाचारदाता

रौतहट, २२ मंसिर । मधेश प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री कृष्ण प्रसाद यादवले मधेश प्रदेशमा बेथिति रहेकाले बेथिति हटाउँदै सिस्टममा ल्याउने र सुशासन कायम गर्ने पहिलो प्राथमिकता रहेको बताउनु भएको छ । नेपाली काङ्ग्रेस रौतहटद्वारा सोमबार गौरमा आयोजित स्वागत तथा अभिनन्दन कार्यक्रममा बोल्नु हुँदै उहाँले मधेश प्रदेशमा चुनौतीको चाङ्ग रहेको बताउनुभयो ।



हरेक चुनौतीलाई सामना गर्दै प्रदेशको विकासको लागि निरन्तर अगाडि बढ्ने उहाँले बताउनुभयो । विकास निर्माणका रोकिएका योजना अगाडि बढाउने देखि लिएर मधेश प्रदेशका नागरिकलाई अनुभूति हुने गरि नयाँ योजना, नयाँ रणनिति ल्याउने उहाँले बताउनुभयो । मधेशका अधिकांश जनता कृषिमा निर्भर रहेकोले कृषिलाई मुख्य प्राथमिकतामा राख्दै शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार लगायतका क्षेत्रमा वर्तमान सरकार दिन रात काम गरेर सकारात्मक प्रतिफल दिने मुख्यमन्त्री यादवले प्रतिबद्धता व्यक्त गर्नुभयो । अहिलेको सात दलिय गठबन्धन बलियो रहेको र गठबन्धन आउने निर्वाचन सम्म एकजुट रहने उहाँले दाबी गर्नुभयो । गठबन्धनको सरकार रहेकोले मन्त्रिपरिषद् बिस्तार मुख्यमन्त्री एक्लैले नगर्ने भएर सात दलीय गठबन्धनमा छलफल गरेर चाँडै टुङ्गयाउने उहाँको भनाइ छ ।

# क्षतिग्रस्त संरचनाको अर्थमन्त्री खनालद्वारा निरीक्षण

दैनिक समाचारदाता

धनगढी, २२ मंसिर । अर्थमन्त्री रामेश्वर खनालले जेनजी आन्दोलनकारीले क्षति गरेको सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको निरीक्षण गर्नुभएको छ ।

सुदूरपश्चिम महोत्सव उद्घाटन गर्न आज धनगढी आउनुभएका अर्थमन्त्रीले क्षतिग्रस्त संरचनाको निरीक्षण गर्नुभएको हो । त्यसक्रममा उहाँले तोडफोड गर्नेलाई कानुनी कारबाही हुने बताउनुभएको छ ।

उहाँले उच्चस्तरीय छानबिन समितिले पेश गरेको प्रतिवेदनका



आधारमा कारबाही प्रक्रिया अगाडि बढाइने बताउनुभयो । अर्थमन्त्री खनालले पुनःनिर्माण तथा व्यवस्थापनका विषयमा संघीय सरकारको तर्फबाट आवश्यक सहयोग प्रदान गर्ने प्रतिवद्धता जनाउनुभयो । निरीक्षणपछि अर्थमन्त्री खनाल र मुख्यमन्त्री कमलबहादुर शाहबिच भेटवार्ता समेत भएको छ । त्यस क्रममा मुख्यमन्त्री शाहले सुदूरपश्चिमका किसानलाई राहत हुनेगरी धान खरिद कोटा बढाउन आग्रह गर्नुभयो । उहाँले यस वर्ष खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले ३५ हजार क्विन्टल धान खरिदको अनुमति पाएकोमा ३८ हजार क्विन्टल धान खरिद गरेको बताउनुभयो । कोटा कम हुँदा धेरै किसानले अझै पनि धान बेच्न नपाएको मुख्यमन्त्रीको भनाइ थियो ।

## 'रि-ब्रान्डिङ'को....

पार्टीलाई रि-ब्रान्डिङ गर्दै सरकार सञ्चालनमा सफल हुनुलाई उदाहरणका रूपमा लिन सकिन्छ । उनले डेमोक्रेटिक पार्टीका तर्फबाट राष्ट्रपतिको दुई कार्यकाल सन् २००९ देखि २०१७ सम्म नेतृत्व गरे । उनको भाषणकला र चुनावी नारा 'चेन्ज, वी क्यान विलिभइन' र 'यस् वी क्यान' जस्ता राजनीतिक नारा समग्र पार्टीलाई नयाँ रक्तसञ्चार गराउन सहायकसिद्ध भएका थिए ।

विश्व राजनीतिमा समय सान्दर्भिक पार्टीलाई रि-ब्रान्डिङ गरेर सफलताको उचाइमा पुऱ्याएका यी र यस्ता अनगिन्ती उदाहरणहरू दिन सकिन्छ । बढ्दो सञ्चार माध्यम र राजनीतिप्रति बढ्दै गएको नागरिकको वितृष्णा नै पार्टीलाई रि-ब्रान्डिङ गर्नुपर्ने मुख्य कारणका रुपमा लिने गरिन्छ ।

***नेपाली कांग्रेस र 'रि-ब्रान्डिङ' को सन्दर्भ***

'जेनजी' को विद्रोहपछि नेपालको राजनीतिक पार्टीहरूमा एक किसिमको परिवर्तनको श्रृंखला सुरु भैसकेको छ । पार्टीको नाम परिवर्तन, नयाँ समझदारी गर्दै पार्टी पुनर्गठन, पार्टी एकता र नेतृत्व हेरफेरको अवस्था प्रायः देख्न सकिन्छ । यस्तो परिवर्तनका अवस्थामा नेपाली काँग्रेसको केन्द्रीय समितिको बैठकमा पार्टीको रि-ब्रान्डिङको चर्चाले पार्टीपंक्तिमा रस्साकस्सीको अवस्था सिर्जना भैरहेको बुझ्न सकिन्छ ।

पार्टीलाई समय सापेक्षित परिवर्तन गर्न नेतृत्व असक्षम भएमा देशको राजनीतिको मियोका रुपमा रहेको र लामो इतिहास बोकेको नेपाली काँग्रेस पार्टी आन्तरिक बेमेलका कारणले पार्टीको आगामी नीति, नेतृत्व र उपयुक्त कार्यदिशाको अभावमा विभाजित हुन सक्नेसम्मको खतरा रहेको आंकलन समेत गर्न सकिन्छ । बैठकको पूर्वसन्ध्यामा 'जेनजी' विद्रोहका क्रममा निर्ममरुपमा कुटिएका सभापति देउवाले स्वास्थ्यका कारण पार्टीको उपसभापतिलाई कार्यवाहक सभापति तोक्दै विश्राम लिने संकेत गरेका थिए । केन्द्रीय समितिको बैठकले पार्टीले पछिल्लो दुई दशकदेखि लिएको चुनावी तालमेलको रणनीति र सरकार सञ्चालनमा अंगीकार गरेको कम्युनिष्ट पार्टीसँगको सहकार्यलाई निरन्तरता दिन नहुने भाष्य तयार गर्दैछ । पार्टीले आसन्न फागुनमा सञ्चालन हुने संसदीय निर्वाचनमा नयाँ कार्यनीति लिएर जानुपर्ने सवालमा विचार विमर्श गरिरहँदा संस्थापन र इतर पक्ष-विपक्षमा रुपान्तरण भैरहेको देख्न सकिन्छ ।

नेपाली कांग्रेस पार्टीको बैठकमा भएका र सञ्चार माध्यममा बाहिरिएका समाचारलाई आधार मान्ने हो भने पार्टीका महामन्त्रीद्वयले नेपाली कांग्रेस निर्वाचनमा जानुभन्दा अगाडि पार्टीको नियमित अथवा विशेष महाधिवेशनको म्याण्डेटअनुसार नीति तथा कार्यादेश लिएर जानुपर्ने भन्ने अडान लिइरहेका छन् । उनीहरूले देशमा 'जेनजी' को विद्रोहपश्चात् सिर्जना भएको अवस्थाको समीक्षा गर्दै लामो समयदेखि नेपाली कांग्रेस पार्टी राजनीतिक दर्शन, नीति र नेतृत्वबाट विमुख भएको ठहऱ्याएका छन् । यस्तो अवस्थाले गर्दा समग्र पार्टीलाई नै 'रि-ब्रान्डिङ' गर्नुपर्ने तर्क अघि सारेका छन् ।

उनीहरूको निश्कर्ष भनेकै, नेपाली कांग्रेसजस्तो लामो इतिहास भएको र लोकतान्त्रिक चरित्र भएको पार्टीले जनचाहनाअनुरुपको कार्यदिशा लिएर निर्वाचनमा जानुपर्छ भन्ने बुझिन्छ । त्यसका लागि आगामी उम्मेदवारले पार्टीका मतदातासमक्ष संवाद गर्दा पार्टीका तर्फबाट भावी प्रधानमन्त्रीको प्रत्यासी तोकेर जाँदा जनमत प्राप्त गर्न सकिन्छ भन्ने ठम्याइ रहेको देखिन्छ ।

यसै सन्दर्भमा काँग्रेसको बहुमत महासमितिका सदस्यहरुको विशेष महाधिवेशनका लागि गरेको हस्ताक्षरलाई आधार मान्ने हो भने, केन्द्रीय समितिमा महामन्त्रीद्वयको प्रस्ताव जायज मान्न सकिन्छ । तर, केन्द्रीय समितिमा अनुवंशिकरुपमा रहेका र पार्टीलाई एउटा खेमाको प्रतिनिधित्व गर्ने निर्णायक देखिएका 'लेगार्ड' प्रवित्तिका सदस्यहरु भने पार्टी चुनावमा यथास्थितिमै जानुपर्ने अडानमा रहेका देखिन्छन् । उनीहरुको तर्क निर्वाचनपूर्वको महाधिवेशनले पार्टीमा गुट-उपगुटको अवस्था आउने र पार्टी अहिलेको स्थितिमा भन्दा पनि कमजोररुपमा प्रस्तुत हुन सक्ने भन्ने छ । महाधिवेशनबाट अनुमोदित पार्टी आन्तरिक प्रतिस्पर्धाका कारणले व्यक्ति-व्यक्ति र गुट-उपगुटमा विभक्त हुनसक्ने तर्क गरेको देखिन्छ । महाधिवेशन भन्दा पनि पार्टीपंक्ति चुनावकेन्द्रित भई एक ढिक्का भएर जनतासमक्ष जानुपर्ने भन्ने उनीहरुको तर्क छ ।

केन्द्रीय कार्य समितिको बैठकमा देखिएको अन्तरद्वन्द्व र पार्टी नेतृत्वले समयमै निर्णय लिन नसकेको अवस्थाले नेपाली काँग्रेसको अविष्य अन्योलग्रस्त रहेको प्रष्टरुपमा बुझ्न सकिन्छ । नेपाली कांग्रेसको किंकर्तव्यविमूढको स्थितिले यथास्थितिवादी र परिवर्तनकारी समूहबीचको शक्तिसंघर्षको अवस्थाको चित्रण गर्दछ । यस्तो अवस्थामा नेपाली कांग्रेसले परिवर्तित समयलाई आलोचनात्मक समीक्षा गर्दै पार्टीलाई लामो समयसम्म अनिर्णयको बन्दी बनाइरहनु स्वयं पार्टी र समग्र राष्ट्रको हितमा रहने देखिँदैन ।

नेपाली कांग्रेसले यसरी सतहमा आएको महत्वपूर्ण विषयलाई पार्टीको आन्तरिक संघर्षका रुपमा मात्र हो भनेर समस्यालाई समयमै सम्वोधन गर्न ढिलाइ गरेमा र पार्टीलाई रि-ब्रान्डिङ नगरी यथास्थितिमै निर्वाचनमा जाने धृष्टता गरेमा पार्टीले जनमतको अभावमा अपूरणीय क्षति व्यहोर्न सक्ने भविष्यवाणी भने आकलन गर्न सकिन्छ, जसको मूल्यांकन आगामी समयले गर्ने नै छ ।

***अन्त्यमा,***

नेपाली कांग्रेसले परिवर्तित समय र अन्य मुलुकमा भएको अभ्यासलाई अध्ययन र विश्लेषण गर्दै पार्टीको रि-ब्रान्डिङ गर्नैपर्ने अवस्था देखिन्छ । यस्तो दुरगामी असर गर्ने कार्यका लागि निर्णायक तहमा रहेका नेतृत्वलाई अहिलेको जस्तो उपयुक्त समय न हिजोको दिनमा आएको थियो, न भोलिका दिनमा तुरुन्तै आउन सक्ने अनुमान गर्न सकिन्छ ।

पार्टी नेतृत्वको असक्षमताले केही दशकदेखि पार्टीले सिद्धान्त, नीति, नेतृत्व र कार्यदिशा गुमाउँदै आएको अवस्था र अर्कोतिर स्पष्ट देखिने गरी कुनै राजनीतिक दर्शन बोकेको लोकतान्त्रिक वैकल्पिक शक्ति जनताकालागि तत्पर भैरहेको अवस्था नभएकाले पार्टीले जनताको आशा र भरोसा कायम राख्न पनि उपयुक्त रणनीति लिन उपयुक्त हुन्छ ।

कांग्रेसको पार्टी सञ्चालनको नयाँ रणनीतिले राष्ट्रमा देखिएको राजनीतिक तरलताको अवस्थालाई सम्बोधन गर्न सक्ने देखिन्छ र सो कार्यका लागि पनि पार्टी नेतृत्वले आजकै दिनमा ढिला नगरी महामन्त्रीद्वयको प्रस्ताव स्वीकृत गर्दा नै समग्र पार्टी र देशका लागि भलाइ हुन्छ । यसै सन्दर्भमा नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकले आगामी पुस २६ देखि २९ सम्म काठमाडौंमा पन्ध्रौं महाधिवेशन गर्ने निर्णय गरिसकेको छ, जसलाई एउटा सकारात्मक कदम नै मान्न सकिन्छ ।

आजका दिनमा पार्टीलाई समग्ररुपमा रुपान्तरण गर्र्न सक्ने सम्भावना देखाएका र नेतृत्वका लागि वाकचातुर्य एवं लोकतान्त्रिक राजनीतिक संस्कारसमेत भएका र जनताको आशाको केन्द्रमा रहेका युवा नेताहरुको पार्टी नेतृत्वका निम्ति पार्टीलाई पुनर्ताजगी गर्दै रि-ब्रान्डिङका लागि देखाएको अग्रसरता समय सान्दर्भिक छ ।युवा नेतृत्वले पार्टी सञ्चालनका लागि देखाएको तत्परता र केही नयाँ गर्ने हुटहुटीका कारणले पनि पार्टीका नेतृत्वपंक्तिले सक्षम युवानेताको अगुवाइमा जन चाहनाबमोजिम समग्र पार्टीलाई चुनावअगावै रि-ब्रान्डिङ गर्दै जनमतका लागि मैदानमा जान सहयोग गर्नेछन् भन्ने एउटा नागरिकको नाताले कामना गर्न सकिन्छ । हालको नेतृत्वले 'जेनजी' को विद्रोहपछि सिर्जना भएको विषम परिस्थितिमा समेत पनि जनचाहना अनुरुपको निर्णय गर्न चुकेमा पार्टीले इतिहासकै ठूलो मूल्य चुकाउनुपर्ने आकलन गर्न सकिन्छ । यस विषयमा सम्बन्धित सबैको चेत खुल्नु आवश्यक छ । र, पार्टीलाई रि-ब्रान्डिङ गर्दै चुनावअगावै महधिवेशनमार्फत निकास दिनु उपयुक्त हुन्छ । अस्तु । *(लेखक पोलिटिकल कम्युनिकेशनका अध्येता हुन् ।)*

# कांग्रेस महाधिवेशन : शीर्ष नेतृत्वको अन्यौलले महामन्त्रीसहितका पदमा मौनता

दैनिक समाचारदाता
काठमाडौं, २२ मंसिर । नेपाली कांग्रेस र नेकपा एमाले दुवै महाधिवेशनको तयारीमा प्रवेश गरेका छन्। एमालेको ११औं महाधिवेशन मंसिर २७ गतेदेखि सुरु हुँदैछ, भने कांग्रेसले पुस २६-२८ मा १५औं महाधिवेशन गर्ने घोषणा गरिसकेको छ।

मंसिर १५ मा बसेको केन्द्रीय कार्यसमिति बैठकले चुनावी कार्यतालिका पारित गरेसँगै कांग्रेसभित्र महाधिवेशनको ताप बढेको छ। सभापतिमै धेरै नेताहरूले रुचि देखाए पनि अन्य वरिष्ठ पदमा भने धेरैजसो आकांक्षी खुल्न हिच्किचाइरहेका छन्।सभापति पदमा संस्थापनइतर नेता डा. शेखर कोइराला र महामन्त्री गगन थापाले खुलेर उम्मेदवारी घोषणा गरिसकेका छन्। तर संस्थापन पक्षका पूर्वपदाधिकारीहरूको 'सात भाइ' समूहले सभापतिको उम्मेदवार एकढिका बनाउने विषयमा निर्णय लिन सकेको छैन।



कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पनि उम्मेदवारीबारे औपचारिक धारणा सार्वजनिक गरिसकेका छैनन्।

१४औं महाधिवेशनमा पाँचौं स्थान ल्याएका कल्याण गुरुङ प्यानलसहित सभापतिको दाबेदारी प्रस्तुत गरिसकेका छन्। कांग्रेसभित्र 'सात भाइ' तथा खड्का समूहलाई अध्यक्ष देउवाका सम्भावित उत्तराधिकारीका रूपमा हेरिने विश्लेषण पनि भित्रिने क्रममा छ।

नेताहरूका अनुसार सभापतिपछिका पदका आकांक्षी मौन बस्नुको मूल कारण आन्तरिक समीकरण अझै अस्पष्ट हुनु हो। "समीकरण बनिसकेको छैन, मुख्य नेतृत्वसँग अन्तिम सहमति नभएसम्म घोषणा सम्भव हुँदैन," एक नेताले भने।

महामन्त्री पदलाई सभापतिपछिको दोस्रो शक्तिशाली भूमिका मानिन्छ। यसका लागि १४औं महाधिवेशनमा प्रतिस्पर्धा गरेका गगन थापा, विश्वप्रकाश शर्मा, डा. मिनेन्द्र रिजाल, डा. प्रकाशशरण महत, प्रदीप पौडेल, राजाराम कार्की लगायत यसपालि पनि मुख्य दाबेदार बन्ने अपेक्षा गरिएको छ।

तर, अहिलेसम्म कुनै पनि शीर्ष आकांक्षीले औपचारिक घोषणा गरेका छैनन्। एक मात्र उम्मेदवारी घोषणा केन्द्रीय सदस्य नैनसिंह महरको आएको छ, जसले २०७९ मंसिरमै महामन्त्री बन्ने अभियान सुरु गरेको दाबी गरेका छन्।

१४औं महाधिवेशनमा थापा र शर्मा विजयी हुँदा देउवा पक्षका महत र पौडेल तेस्रो र चौथो स्थानमा सीमित भएका थिए। अहिले देउवा निकट नेताहरू महत-पौडेलको भूमिकाबारे आन्तरिक छलफल गरिरहेका छन्। पौडेल पछिल्लो समय थापा समूहमा नजिक देखिएका कारण उनी पुनः महामन्त्री दाबेदार बन्ने अपेक्षा गरिएको छ। यस्तै, शर्माले हालसम्म पद खुला नगरे पनि थापालाई सभापतिमा समर्थन जनाइसकेका छन्। उनी उपसभापति वा महामन्त्री–कुन पदतिर मोडिन्छन् भन्ने अहिले नै निश्चित भइसकेको छैन।

समग्रमा, कांग्रेस महाधिवेशनको समीकरणहरू अझै दुविधाग्रस्त छन्। सभापतिको औपचारिक टुंगो नलागेसम्म महामन्त्रीदेखि उपसभापति तथा अन्य पदका दाबेदारीहरू मौन रहिरहने अनुमान गरिएको छ। कांग्रेसभित्र अहिले चलिरहेको यही अनिश्चितताले महाधिवेशनको चर्चा झनै रोचक बनाएको छ।

# १२ साना दलले बनाए ५ गठबन्धन

दैनिक समाचारदाता
काठमाडौं, २२ मंसिर । २१ फागुनका लागि तय भएको प्रतिनिधिसभाको चुनावमा ११४ दलले भाग लिँदैछन् । यसमध्ये १२ वटा दल संयुक्त चुनाव चिह्नमा निर्वाचन लड्दैछन् ।
चुनावमा भाग लिने दलहरूको संख्या धेरै भए पनि उनीहरू एक्लैभन्दा गठबन्धन बनाएर निर्वाचनमा जाने तयारीमा देखिन्छन् ।
नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल र राष्ट्रिय जनजागृती पार्टी एउटै चुनाव चिह्नमा निर्वाचन लड्दैछन् ।
उनीहरूको चुनाव चिह्न बस रहेको छ ।
नेपाल संघीय समाजवादी पूर्वराज्यमन्त्री रिजवान अन्सारी नेतृत्वको दल हो । हरिनन्दन कुमार अम्बेडकर नेतृत्वमा बहुजन एकता पार्टी नेपाल छ । नेपाल जनजागृति पार्टीको नेतृत्वमा धपलालप्रसाद सहनी छन् ।
यी तीन पार्टीहरू संघीय गणतान्त्रिक गठबन्धन बनाएर निर्वाचन लड्दैछन् ।
राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टी नेपाल पनि एउटै चुनाव चिह्नमा निर्वाचन लड्दैछन् ।
उनीहरूको चुनाव चिह्न जाँतो छ ।
राष्ट्रिय मुक्ति पार्टी नेपालको अध्यक्ष पूर्वउपप्रधान तथा सहरी विकासमन्त्री राजेन्द्र महतो हुन् । पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक कुमार राई नेतृत्वमा




जनता समाजवादी पार्टी छ । नागरिक उन्मुक्ति पार्टी नेपालको अध्यक्षमा कबिर सोप रहेका छन् ।
पूर्वसहरी विकासमन्त्री प्रभु साह नेतृत्वको आम जनता पार्टी र रमनकुमार कर्ण नेतृत्ववको जनादेश पार्टी नेपाल पनि एकल चुनावमा निर्वाचनमा भाग लिँदैछ ।
अम्बिकाप्रसाद थैव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी ( मार्क्सवादी) र लोकनारायण सुवेदी नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी पनि एकल चुनाव चिह्नमा चुनाव लड्दैछन् ।
पुण्यप्रसाद प्रसाईं नेतृत्वको सचेत नेपाली पार्टी र भरत खड्का नेतृत्वको नागरिक सर्वोच्चता पार्टी पनि एकल चुनाव चिह्नमा चुनाव लड्ने तयारीमा छन् ।

# प्रतिनिधिसभा निर्वाचन लड्ने संकेत देखाइरहेका छन् देउवा दम्पती

दैनिक समाचारदाता
धनगढी, २२ मंसिर । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र उनकी पत्नी, पूर्वमन्त्री आरजु राणा देउवा प्रतिनिधिसभा निर्वाचन लड्ने संकेत देखाइरहेका छन्। देउवा सभापतिमा पुनस् उम्मेदवारी नलड्ने अवस्थामा पनि आगामी २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा सक्रिय हुने अनुमान गरिएको छ।



कांग्रेसको विधानअनुसार सभापति पदमा लड्न नपाउने देउवाले लामो समय राजनीतिबाट विश्राम लिएका थिए। २४ भदौको जेन-जी आन्दोलनमा आक्रमणमा परेपछि देउवा करिब एक महिनासम्म सार्वजनिक रूपमा देखा परेनन्। तर, थाइल्याण्डमा उपचारपछि फर्किएपछि राजनीतिक सक्रियता बढेको देखिन्छ।

डेउवा दम्पतीलाई भेट्न उनका निवास महाराजगञ्जमा भीड बढेको छ। मुख्य भेटघाट डडेल्धुरा र कैलालीका कांग्रेस नेता-कार्यकर्तासँग भइरहेको छ। देउवाले डडेल्धुराबाट आठौँपटक निर्वाचन लड्ने इच्छा देखाएका छन्, यद्यपि खुलेर घोषणा भने गरेका छैनन्। केही नेताहरूका अनुसार देउवा अन्तिमपटक प्रतिनिधिसभा निर्वाचन लड्ने तयारीमा छन्।

उनकी पत्नी आरजु राणा देउवा पनि कैलाली-५ बाट निर्वाचन लड्ने संकेत दिएकी छिन्। कैलाली-५ बाट सुदूरपश्चिमका अन्य नेताहरू जस्तै नरनारायण शाह, डिल्लीराज पन्त, सुशीला मिश्रको नाम पनि चर्चामा भए पनि आरजु देउवाको सक्रियताका कारण प्रमुख उम्मेदवारका रूपमा अघि देखिएकी छिन्।

कांग्रेस कैलाली निर्वाचन क्षेत्र-५ मा उम्मेदवार सिफारिस प्रक्रिया अघि बढाइसकेको छ। महासमिति र जिल्ला कार्यसमिति अन्तर्गत एक-दुई दिनभित्र इच्छुक उम्मेदवारको नाम फाइनल हुने देखिन्छ। यदि देउवाले डडेल्धुराबाट उम्मेदवारी दिने भए, उनको नाम एकल रूपमा सिफारिस हुने तयारी छ। नेपाली कांग्रेसभित्र देउवा दम्पतीको सक्रियताले निर्वाचन क्षेत्र र पार्टीभित्रको रणनीति पुनः सन्तुलनमा ल्याउने अनुमान गरिएको छ। आगामी प्रतिनिधिसभा निर्वाचनमा देउवा दम्पतीको भागीदारीले सुदूरपश्चिममा कांग्रेसको अभियानलाई सशक्त बनाउने देखिन्छ।

# चुनावको विकल्प छैन : नेता पोखरेल

म्याग्दी २२ मंसिर । नेपाली कम्युनिष्ट पार्टीका नेता लीलामणि पोखरेलले राजनीतिक निकासका लागि आगामी फागुन २१ गते घोषणा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको विकल्प नभएको बताएका छन् ।

बेनीमा सोमबार भएको एकता सन्देश सभालाई सम्बोधन गर्दै नेता पोखरेलले संवैधानिक संकट टार्न, जेनजी आन्दोलनको माग, सुशासन कायम, भ्रष्टाचार नियन्त्रण, स्थायित्व, राष्ट्रियता र स्वाधिनताको रक्षा तथा विगतका आन्दोलनबाट प्राप्त राजनीतिक उपलब्धीको रक्षाका लागि चुनावलाई सफल बनाउन आग्रह गरे ।




"विगतका उपलब्धीको रक्षा गरेर देशलाई सही बाटोमा डो-याउन कमीकमजोरीको आत्मसमिक्षा, गरेका काम र योजनासहित चुनावबाट अनुमोदित हुने अवसरको सदुपयोग गर्न नेता कार्यकर्ताले चुनावको वातावरण बनाउनुपर्छ," उनले भने "सुशासन, सामाजिक न्याय र समृद्धिको मुद्दा लिएर जनतामा जान तयार छौँ ।" रासस




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४